**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**
- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागीताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

**लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

गर्मी चर्केकोले वन जङ्गलमा डढेलो लाग्दा बाहिरको वायुमण्डल प्रदूषित हुन्छ । धूलो, धूवाँले स्वास्थ्यमा नराम्रो असर पार्छ । सतर्क बनौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 28 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २३६

## नेपाली जनताको आशा काङ्ग्रेसप्रति नै छ –पूर्वमन्त्री साउद

प्रस, वीरगंज, १४ वैशाख/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री नारायणप्रकाश (एनपी) साउदले अहिले पनि नेपाली जनताको आशा र भरोसा नेपाली काङ्ग्रेसमा नै रहेको बताएका छन् ।

नेपाल प्रेस युनियन पर्साले शनिवार वीरगंजमा आयोजना गरेको पत्रकार सम्मेलनमा केस साउदले नेका सबैभन्दा ठूलो दल रहेर प्रभावकारी तरीकाले क्रियाशील रहेको दाबी गरे। उनले सङ्घ र प्रदेश दुवैमा नेका अहिले पनि सबैभन्दा ठूलो दल रहेको बताए। सङ्घमा सबैभन्दा बढी सांसद र प्रदेशमा पाँच प्रदेशमा ठूलो दल भएकोले अहिले पनि राजनीतिमा नेकाको निर्णायक र महत्त्वपूर्ण भूमिका रहेको र यसलाई कसैले बेवास्ता गर्न नमिल्ने बताए । उनले नेकालाई बेवास्ता गरेर देशको विकास नहुने र




यस्तो कुत्सित मनसाय नराख्न सुझाए ।

उनले आफ्नो नेकाले जहिले पनि देशमा स्वच्छता र पारदर्शिताको पक्षमा काम गर्दै आएको दाबी गरे । उनले वर्तमान गृहमन्त्री रवि लामिछानेमाथि लागेको आरोपको छानबीन सरकारी तहबाट सम्भव नभएकोले नै संसदीय समिति बनाउन माग गरिएको बताए । उनले इलाम र बझाङमा आज भएको उपनिर्वाचनमा नेका उम्मेदवार जित्ने दाबी गरे। उनले नेका नेतृत्वमा संविधान लागू भएको र नेकाले नै यसको कार्यान्वयनको जिम्मेवारी वहन गर्ने बताए । उनले नेका नेतृत्वमा सम्पन्न दुईवटा निर्वाचनमा पार्टीले हार बेहोरे पनि देशको लागि काम गर्न नछाडेको बताए ।

नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा भएको कार्यक्रममा केस अजयकुमार चौरसिया, नेका पर्साका सभापति जनार्दन सिंह क्षत्री, उपसभापति रामनारायण कुर्मी, सचिव इम्तियाज आलम, प्रदेशका पूर्वमन्त्रि ओमप्रकाश शर्मा र प्रदेशसभा सदस्य श्याम पटेललगायतको सहभागिता थियो।

## यातायातको क्षेत्रमा आवश्यक सुधार गरिने –मुख्यमन्त्री यादव

प्रस, निजगढ, १५ वैशाख/

यातायात क्षेत्रमा गर्नुपर्ने आवश्यक सुधारका लागि मधेस प्रदेश सरकार सकारात्मक रहेको मधेस प्रदेशका




साधारणसभामा मन्तव्य व्यक्त गर्दै मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव । तस्वीरः प्रतीक

मुख्यमन्त्री सरोज यादवले बताएका छन्। शुक्रवार तराई यातायात व्यवसायी सङ्घ बाराको १७औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले लामो समयदेखि यातायातका क्षेत्रबाट समग्र मुलुकलाई सेवा पुऱ्याउँदै आइरहेका निजी क्षेत्रका व्यवसायीहरूमाथि परेको समस्याले आफूलाई पनि मर्माहत बनाएको बताए । उनले ऐन, कानून, नीति, नियमलाई आवश्यक परिमार्जन गर्न आफू सदैव तत्पर रहने बताए। उनले मधेस प्रदेश सरकारले व्यावसायिक निजी यातायात क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए।

उनले सडकमा प्रहरीले आवश्यकताभन्दा बढी स्थानमा चेकजाँच गर्दै आएको र यसबाट यातायात व्यवसायीका साथै यात्रुहरूलाई अनाहकमा सास्ती भोग्नुपरेको भन्दै यसमा सुधार गरिने आश्वासन दिए। केही दिन अघि मधेस प्रदेशको राजधानी जनकपुरमा गृहमन्त्री रवि लामिछाने, गृह सचिवलगायतको सहभागितामा भएको सुरक्षा निकायको बैठकमा आफूले यो विषय उठान गरेको बताए।

उनले पथलैयामा पटके सवारीकर कार्यालय स्थापना गरिसकेको बताए।

उनले मधेस प्रदेशका आठवटै जिल्लामा चालक अनुमतिपत्र सहजरूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने र अब केही जिल्ला मात्र बाँकी रहन गएको बताए। उनले देशकै प्रमुख नाका आर्थिक नगरी वीरगंज र औद्योगिक करिडोर पर्सा–बाराका कारण यातायातका साधनहरूको चाप अत्यधिक हुने गरेकोले आउँदो आर्थिक वर्षमा पथलैयामा रोड परमिट, जाँचपास, नवीकरण गर्ने व्यवस्था मिलाउने बताए। उनले भारतीय मालवाहक सवारीसाधनहरूका कारण नेपाली ढुवानी व्यावसायीहरू वर्षौंदेखि समस्याग्रस्त रहेको र सङ्घीय सरकारले स्वदेशी ढुवानी व्यवसायको प्रवर्द्धनमा अग्रसरता देखाउनुपर्ने सुझाए। उनले प्रदेश सरकार यातायात क्षेत्रको सुधारको पक्षमा रहेको बताए ।

सङ्घीय सांसद एवं पूर्वमन्त्री किसान श्रेष्ठले यातायातको क्षेत्रमा भएका समस्याहरू समाधान गर्नका लागि आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मधेस प्रदेशका श्रम तथा यातायात मन्त्री बेचु लुङ्गेलीले प्रदेश सरकार यातायात व्यवसायीहरूको साथमा रहेको र उनीहरूको हकहितमा काम गर्ने बताइन्। उनले अहिले यातायात क्षेत्रले चरम आर्थिक सङ्कटको सामना गर्दै आएको र यसमा बढेको विकृति, विसङ्गति हटाउने काममा प्रदेश सरकार सक्रिय रहेको दाबी गरिन्। कार्यक्रममा पूर्वमन्त्री फर्मुल्लाह मन्सुर, सांसद अच्युत मैनाली, नेपाल ट्रक यातायात व्यवसायी महासङ्घका हीरालाल श्रेष्ठ, तराई यातायात व्यवसायी सङ्घका संस्थापक अध्यक्ष उदयबहादुर श्रेष्ठ, प्रदेशसभा सदस्य देवनारायण चौधरी, जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

तराई यातायात व्यवसायी सङ्घ सिमरा, बाराका अध्यक्ष ओम कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण सुनील गाउँलेले गरेका थिए।

## ठोरीमा जोखिम न्यूनीकरण योजनाबारे अभिमुखीकरण

चिरञ्जीवी सापकोटा, ठोरी, १५ वैशाख/

ठोरीमा जोखिम न्यूनीकरण योजना तथा तनाव व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम शनिवार सम्पन्न भएको छ। ठोरी गाउँपालिका–४ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय निर्मलबस्तीमा दीप नेपाल नामक सामाजिक संस्थाले एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरेको थियो ।

अभिमुखीकरणमा विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई के कसरी जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा संस्थाका संयोजक विष्णु सापकोटाले प्रशिक्षण दिएका थिए ।



नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक गोपीलाल श्रेष्ठको अध्यक्षता तथा ठोरी गापा शिक्षा शाखा प्रमुख भुपालकुमार जोशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ठोरीका विभिन्न विद्यालयका २० जना शिक्षकलाई जोखिममा रहेका बालबालिकाहरूको पहिचान गरी शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने, जोखिममा रहेका बालबालिकाहरूलाई बेचबिखनबाट जोगाउनेलगायतका बारेमा योजना निर्माण गरी कार्य थालनी गर्न प्रशिक्षण दिइएको थियो ।

दीप नेपालले भोलि आइतवार नेराआवि निर्मलबस्तीका ३५ जना विपन्न परिवारका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने कार्यक्रम संयोजक सापकोटाले बताए । यसअघि सो संस्थाले ठोरीका विभिन्न विद्यालयमा विद्यार्थीहरूलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरेको थियो। कार्यक्रममा आमोदेवी जनता क्याम्पस बडनिहारका क्याम्पस प्रमुख मन्तलाल चौधरीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण शिक्षक आशाकाजी गोलेले गरेका थिए ।

## एमाले–काङ्ग्रेस गठबन्धनको सरकार बन्छ –नेता बस्नेत

प्रस, वीरगंज, १५ वैशाख/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं राष्ट्रियसभा सदस्य जीतजङ्ग बस्नेतले वर्तमान समीकरणको सरकार ढलेर एमाले–काङ्ग्रेस गठबन्धनको सरकार बन्ने बताएका छन् ।

शनिवार बाराको प्रसिद्ध गढीमाई



मन्दिर दर्शन गरी स्थानीय कार्यकर्ताहरूसँगको भेटमा उनले अहिलेको समीकरणको सरकार चाँडै ढल्ने र एमाले–नेकाबीच गठबन्धनको सरकार बन्ने ठोकुवा गरे। नेता बस्नेतले आगामी चुनावमा काङ्ग्रेसले कसैसँग गठबन्धन नगर्ने र सोअनुरूप बहुमतको सरकारका लागि तयारी रहन कार्यकर्ताहरूलाई निर्देशन दिए । उनले कार्यकर्ताहरूको चाहना अनुरूप ८४ को चुनावमा गठबन्धन हुँदैन र काङ्ग्रेस एक्लै बहुमत ल्याउने गरी लड्छ भने । उनले गठबन्धनबाट चुनाव लड्दा नेकालाई घात भएको र कार्यकर्ताहरूको मनोबल खस्किएको महसूस भएको भन्दै अब गठबन्धन हुँदैन तर कुनै स्थानमा भने सहकार्य भएर मित्रवत् प्रतिस्पर्धा हुन सक्छ ।

नेपाल तरुण दलका अध्यक्ष विद्वान् गुरुङले लोकतन्त्रको रक्षार्थ नेका कार्यकर्ता आगामी दिनमा एकजुट भएर प्रस्तुत हुनुको विकल्प नरहेको बताए । उनले सबै कार्यकर्तालाई उच्च मनोबलका साथ ८४ को तयारीमा जुट्न र नेकालाई बहुमत प्राप्त गर्नेगरी आफ्नो क्षेत्रमा जनताबीच रहेर काम गर्न निर्देशन दिए ।

कार्यक्रममा तरुण दलका केन्द्रीय सदस्य राजेश भेटवाल, नेका बाराका सभापति राजेशराय यादव, क्षेत्रीय सभापति लोकेश सिंह, तरुण दल बाराका सभापति दीपेन्द्र पटेल, वडाध्यक्ष दीपेन्द्र कुशवाहा, राजकिशोर गुप्तालगायतको सहभागिता थियो ।

## १७ किलो चरेससहित एकजना पक्राउ

धर्मेन्द्र चौरसिया, पोखरिया, १५ वैशाख/

इलाका प्रहरी कार्यालय पोखरियाले शनिवार कालिकामाई गाउँपालिका–१



तीनडोबियाको एक घरमा छापामारी गरी चरेससहित घरधनीलाई पक्राउ गरेको छ ।

इप्रका पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीको नेतृत्वमा खटेको प्रहरी टोलीले कालिकामाई गापा–१ तीनडोबियाका बृजेशप्रसाद कुर्मीको घरमा छापामारी गरेको थियो । छापामारीको क्रममा सिमेन्टको बोरामा ३१ वटा चरेसका पाकेट बरामद भएको प्रनि केसीले बताए । उनले तौल गर्दा १७ किलो चरेस पुष्टि भएको र घरधनी कुर्मीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको बताए ।

## दुई महिलासहित ६१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १५ वैशाख/

अखिल नेपाल ट्रेड युनियन महासङ्घ




मधेस प्रदेशको आयोजनामा शनिवार वीरगंजको घण्टाघरमा आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित ६१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ मधेस प्रदेश अध्यक्ष केदार देवको अध्यक्षतामा भएको रक्तदान कार्यक्रमको नेकपा (माओवादी केन्द्र) बाराका इन्चार्ज क्षत्रबहादुर श्रेष्ठ (अनिल)ले रक्तदान गरेर उद्घाटन गरेका थिए । कार्यक्रममा पुष्पाञ्जलि फुँयाल, रविताकुमारी साह, अर्जुन चिमोरिया, गजाधर पटेललगायतले रक्तदान गरेका थिए। कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन महासङ्घका अध्यक्ष बेनीबहादुर तिमिल्सिना, बाल पटेल, रूपनारायण सिंह, रामेश्वर पटेल, टुनटुन तिवारी, वीरेन्द्र पटेल, डिबी थापा, मदन साहलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**ताकत आवाजमा होइन विचारमा राख किनभने फसल वर्षाले हुन्छ, बाढीले होइन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# मुस्कान छर्दै जाऊ

मानिसको जीवनमा मुस्कानको विशेष महत्त्व छ। मुस्कानयुक्त अनुहारले अरूको मुहारमा पनि मुस्कान छप्किदिन्छ, त्यसैले सम–विषम दुवै परिस्थितिमा सदैव मुस्कुराइराख्नुपर्छ। मुस्कुराउँदा न स्वयं हामी आनन्दित हुन्छौं, अपितु यसका कारण हाम्रा सम्पर्कमा आउने अरू मानिस पनि आनन्दित हुन्छन् ।

मुस्कुराहट हाम्रोलागि जीवनदायिनी औषधितुल्य छ, त्यसैले मानिसले प्रत्येक परिस्थितिमा मुस्कुराएर आनन्द छर्ने अधिकांशत: मङ्गलमय र शुभकामनाबाट ओतप्रोत हुन्छ, जसमा आशीर्वाद एवं कल्याणमयी भावनाको कोष लुकेको हुन्छ। यतिमात्र होइन, राम्रो कामको परिणतिपछि आउने मुस्कुराहट सन्तोष प्रदान गर्ने एवं खुशीको क्षणमा खुशी छर्कने खालको हुन्छ।

यसबाहेक विभिन्न व्यक्तिका गुण, स्वभाव र अभिरुचि अनुसार तिनको मुस्कुराहटका विभिन्न अभिव्यक्ति हुन सक्छन् । आजको सङ्घर्षपूर्ण एवं

**मुस्कुराहटको अभिव्यक्तिले स्वयंलाई प्रसन्नता दिनुका साथै अनेक अनुहारमा मुस्कुराहट छरिदिन्छ र यस प्रकार मुस्कुराहटको लाभ एक क्षणमैं कैयौं मानिसलाई प्राप्त हुन्छ। सधैं मुस्काइरहने बानी यदि बनाउन सकियो भने यो हाम्रो स्वभावको एउटा अङ्ग बन्न पुग्छ, जसले हामीलाई स्वस्थ र प्रसन्न बनाइराख्छ र हाम्रो वरिपरि बस्ने मानिसलाई मुस्कुराउने प्रेरणा दिन्छ।**

प्रयत्न गर्नुपर्छ। मुस्कुराहट एउटा यौगिक क्रिया पनि हो, जसले हाम्रो अङ्ग–प्रत्यङ्ग स्वस्थ र प्रसन्न रहन्छ। यो भावव्यञ्जना, संवेदनशीलता र अनुभूतिको विषय हो। मुस्कुराइरहेको अनुहार सबैलाई राम्रो लाग्छ–जसको अभिव्यक्ति चारैतिर सकारात्मकता र प्रसन्नताको प्रसार गर्दछ। यो एक क्षणमा उत्पन्न हुन्छ, तर यसको मधुर स्मृति लामो समयसम्म हाम्रो जीवनमा रहिरहन्छ।

जीवनमा मुस्कुराहटलाई आयु वर्ग अनुसार वर्गीकृत गर्न सकिन्छ। प्रत्येक उमेरका व्यक्तिको मुस्कुराहटलाई विभिन्न प्रकारले छुट्टाछुट्टै सम्बोधनबाट अभिव्यक्त गर्न सकिन्छ । आयु वर्ग अनुसार–बाल्यकालमा केटाकेटीहरूको मुस्कानले सबैलाई आनन्दित तुल्याउँछ; किनकि यो निश्छल एवं निस्स्वार्थ भावले ओतप्रोत हुन्छ । केटाकेटी विना कुनै कारण हाँसी–मुस्कुराइरहन्छन् र आफ्नो यस मुस्कुराहटका कारण ती सबैलाई प्रसन्नता त प्रदान गर्छन् नै; साथै सबैलाई आफूतिर आकर्षित पनि गर्दछन् ।

युवावस्थामा युवाहरूको मुस्कुराहटमा सकामता एवं प्रेम–भावना हुने सम्भावना रहन्छ। तिनको मुस्कुराहट व्यङ्ग्यात्मक एवं अभिवादनीय गुणले पनि अभिपूरित हुन सक्छ। यसबाहेक सौन्दर्यको प्रशंसाको स्वीकार्यताको अभिव्यक्तिमा पनि मुस्कुराहट निहित हुन्छ भने त्यहीं वृद्धावस्थामा वृद्धजनको मुस्कुराहट तनावपूर्ण वातावरणमा मानिस एक किसिमले मुस्काउन बिर्सन जान थालेको छ । जुन परिवारमा जति बढी कार्य दबाब हुन्छ, त्यति नै त्यस परिवारको अनुहार मुस्कानविहीन हुन्छ। जब व्यक्ति उदास हुन्छ, तब निराशाले उसलाई हेर्छ, अनि उसको मुस्कुराहटले व्यक्तिसँग एउटा दूरी बनाउँछ, तर जब व्यक्ति उत्साहित हुन्छ र आशान्वित हुनुका साथै उल्लास र उमङ्गले भरिएको हुन्छ, तब उसको अभिव्यक्तिमा सबैभन्दा पहिले उसको मुहार हँसिलो देखिन्छ।

जीवनमा समस्या आएपछि मानिस गम्भीर बन्छ, अनि त्यस समस्याको समाधान फेला परेपछि ऊ मुस्कुराउन थाल्छ। जब हाम्रो मस्तिष्कमा कुनै नयाँ विचार पलाउँछ, कुनै योजना सुझ्छ, कुनै सुखद कल्पना उम्रिन थाल्छ, तब हाम्रो मुहारमा स्वत: मुस्कान आउँछ। साँच्ची भन्ने हो भने मुस्कुराहटको एउटा अभिव्यक्तिले अनुहारलाई तनावमुक्त तथा विषादमुक्त बनाइदिन्छ।

मुस्कुराहटको अभिव्यक्तिले स्वयंलाई प्रसन्नता दिनुका साथै अनेक अनुहारमा मुस्कुराहट छरिदिन्छ र यस प्रकार मुस्कुराहटको लाभ एक क्षणमैं कैयौं मानिसलाई प्राप्त हुन्छ। सधैं मुस्काइरहने बानी यदि बनाउन सकियो भने यो हाम्रो स्वभावको एउटा अङ्ग बन्न पुग्छ, जसले हामीलाई स्वस्थ र प्रसन्न बनाइराख्छ र हाम्रो वरिपरि बस्ने मानिसलाई मुस्कुराउने प्रेरणा दिन्छ।

जुन समय मनुष्य यो सोच्न थाल्छ– 'यो संसार मिथ्या छ, कुनै वस्तु स्थायी छैन, म पनि मर्नुपर्छ, जीवन एउटा स्वप्न मात्र हो।' त्यस समय उसको आफ्नो जीवनमा कुनै रुचि रहँदैन। ऊ उदासीन हुन्छ। संसारको जिम्मेवारी उसको बोझ सबै थाहा हुन्छ। न उसलाई घरपरिवारसँग प्रेम रहन्छ, न उसलाई जातिको केही ख्याल रहन्छ। उसको देश चाहे रसातलमा नै पुगोस्, उसलाई कुनै वास्ता हुँदैन। उसलाई जतिसुकै गाली दिनुस्, पिट्नुस्, उसको लागि सबै बराबर हुन्छ। आफ्नो देश बन्धुको दुःख उसको लागि कल्पना मात्र हुन्छ। देश हितैषिता के वस्तु हो ? यो कुरा उसको दिमागमा पस्दैन। उसको जन्मभूमिको धन चाहे जतासुकै जाओस्, उसको करोडौं भाइ भोकै मरोस्, उसलाई कुनै दुःख हुँदैन।

स्मरण राख्नुस्, यो त्यो विष हो, जुन खाएपछि मनुष्यको मनुष्यत्व जान्छ। धैर्य, क्षमा, वीरता, साहस, सत्य आदि दैविक गुण कहिल्यै पनि प्राप्त गर्न सक्दैन, जबसम्म मनुष्य यस विषलाई आफ्नो शरीरबाट निकाल्दैन। त्यस व्यक्तिको टाउकोमा कुनै जिम्मेवारी रहँदैन। जो बोझ उठाउन डराउँछ, उसको अङ्ग–प्रत्यङ्ग कसरी बढ्न सक्छ ? ऊ अवश्य नै भीर हुनेछ, विरोधीको सामना गर्ने शक्ति रहँदैन। ऊ मिलेर काम गर्न सक्दैन। सङ्घसँग घृणा हुन्छ। यस्तो दशामा यो दैविक गुण पनि उसको लागि काम लाग्दैन। ऊ मनुष्य शरीर राखेर पनि पशुवत हुन्छ। – स्वामी सत्यदेवीजी परिव्राजक

# थाइरोइड

स्वास्थ्य

नवीननारायण मुनकर्मी

**रक्त परीक्षणबाट थाइरोइड हर्मोनको सन्तुलन सामान्य अवस्थामा रहेको पाइएमा हाललाई थाइरोइडको समस्या नभएको जानकारी हुन्छ। त्यस्ता व्यक्तिहरूले आयोडिनयुक्त नून, दूध तथा दूधजन्य खाद्यपदार्थहरू, अन्डा र समुद्री खानेकुराहरू नियमितरूपमा खाने गरेमा शरीरमा आयोडिन र प्रोटिनको मात्रा राम्रो रहन्छ।**

थाइरोइड के हो ? थाइरोइड हाम्रो घाँटीमा रुद्र घण्टीभन्दा अलि तल, पुतलीको आकारको एक अति महत्त्वपूर्ण ग्रन्थी हो। ग्रन्थीको मध्य भागमा हुने isthus नामक तन्तुले थाइरोइडका दुईवटा ढिक्कालाई जोडेको हुन्छ। यो ग्रन्थी लगभग ३० ग्राम जति वजनको हुन्छ। पुरुषको तुलनामा महिलाहरूमा यो ग्रन्थी केही ठूलो हुन्छ भने गर्भवती अवस्थामा यो अझ केही मात्रामा बढ्ने गर्छ। थाइरोइड ग्रन्थी थाइरोग्लोबुलिन नामक एक बाक्लो झोलले भरिएको हुन्छ। यो थाइरोग्लोबुलिनको अंशसँग आयोडिनको अंश मिलेर थाइरोइड हर्मोन बन्छ।

**थाइरोग्लोबुलिन + आयोडिन = थाइरोइड हर्मोन**

हाम्रो शरीरका सामान्यदेखि विशिष्ट कार्य सम्पादनका निम्ति शरीरका विभिन्न भागहरूमा विभिन्न प्रकारका ग्रन्थीहरूले उत्पादन गर्ने श्रावलाई नै हर्मोन भनिन्छ। थाइरोइड हर्मोन जस्तै इन्सुलिन, पाराथाइरोइड, टेस्टोटेरोन, प्रोजेस्टेरोन, ओस्ट्रोजेन, कोर्टिहोल आदि पनि हर्मोन नै हुन्। थाइरोइड हर्मोनको उत्पादन एवं सन्तुलनको लागि टाउकोमा रहेको पिटचुटरी ग्रन्थीले TSH (Thyroid stiulating hormone) उत्पादन गरी रक्तसञ्चारद्वारा थाइरोइड ग्रन्थीमा पठाएको हुन्छ। थाइरोइड हर्मोनको मात्रा शरीरमा कम भएको अवस्थामा मस्तिष्कको हाइपोथेलेमसले थाइरोट्रोपिन रिलिजिङ हर्मोन (TRH, thyrotropin releasing hormone) पैदा गर्छ। जसले पिटचुटरी ग्रन्थीलाई TSH निष्कासन गर्न उत्साहित गर्छ। TSH ले थाइरोइड ग्रन्थीलाई थप T4 निष्कासन गर्न उत्साहित गर्छ।

**थाइरोइड हर्मोन के हो ?**

थाइरोइड ग्रन्थीले उत्पादन गर्ने दुई प्रमुख हर्मोन Triiodothyronine (T3) र Thyroxine (T4) लाई नै थाइरोइड हर्मोन भनिन्छ। रक्त धारबाट शरीरका विभिन्न तन्तुहरूमा पुगेका T4 का केही अंशहरू T3 मा परिणत हुन्छन्, जुन निकै नै सक्रिय हर्मोन हो। TSH हर्मोन पिटचुटरी ग्रन्थीले उत्पादन गर्ने हुनाले यो पिट्युटरी हर्मोन हो। तर शरीरमा थाइरोइडको अवस्था परीक्षण गर्दा वा TFT (Thyroid function test) गर्दा T3, T4 र TSH समेतलाई एकमुस्ट जाँचिन्छ।

**शरीरमा थाइरोइडको भूमिका**

हाम्रो शरीरमा हुने प्राय:जसो रसायनिक प्रक्रिया (etabolis) मा थाइरोइड हर्मोनको प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार रहेको हुन्छ। त्यसैले स्वास्थ्यको दृष्टिले थाइरोइड हर्मोनलाई विस्तारित महत्त्वको रूपमा लिइन्छ। हामीले खाएको खानामा रहेको कार्बोहाइड्रेट, प्रोटिन, बोसो आदिबाट ऊर्जा उत्पादन गर्ने कार्य थाइरोइड हर्मोनको महत्त्वपूर्ण कार्य हो। यस्तो कार्यलाई रासायनिक प्रक्रियाको क्याटाबोलिजम खण्ड भनिन्छ। यो खण्डमा रसायनहरूलाई शरीरले उपयोग गर्ने गर्छ।

प्रोटिनको संश्लेषणमा थाइरोइड हर्मोनले ट्रान्सक्रिप्सनको तहमा प्रोत्साहित गर्छ। त्यसैले यसले प्रोटिनको संश्लेषणमा एनाबोलिक हर्मोनको रूपमा कार्य गर्छ। तर थाइरोइड हर्मोनको मात्र वृद्धि भएमा यहले प्रोटिनको संश्लेषणमा नकारात्मक असर पुऱ्याउँछ । त्यसैले हाइपरथाइरोइडको अवस्थामा यसले क्याटाबोलिक हर्मोनको रूपमा कार्य गर्छ। कार्बोहाइड्रेटको रसायनिक प्रक्रियामा थाइरोइडले आन्द्रामा ग्लुकोज सोस्न र यसलाई प्रयोग गर्न सहयोग गर्छ। यसले अन्य तत्त्वहरूबाट ग्लुकोज निर्माण गर्ने प्रक्रिया (gluconeogenesis) र ग्लाइकोजेनबाट ग्लुकोज निर्माण गर्ने प्रक्रिया (glycogenolysis) दुवैमा सहयोग गर्छ। त्यसैगरी लिपिडको मेटाबोलिजममा र शरीरमा पानीको मात्रा सन्तुलन गर्ने कार्यमा समेत थाइरोइडले महत्त्वपूर्ण भूमिका खेल्छ। यसै क्रममा शरीरको तापक्रम सन्तुलन गर्ने, हृदय गतिलाई सन्तुलित गर्ने, स्नायु प्रणालीलाई विकसित र सन्तुलित गर्ने, हाडको विकासमा सहयोग गर्ने, वृद्धि हर्मोनको निर्माणद्वारा शारीरिक वृद्धि सञ्चालनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने, महिलाहरूको महीनावारीलाई सन्तुलित राख्ने, छालाको सुन्दरता र दरिलोपनमा सन्तुलन गर्ने, शरीरलाई आवश्यक पर्ने जैविक उत्प्रेरक वा इन्जाइमहरू उत्पादन गर्नेलगायत अन्य कयौं शरीरका क्रियाकलापहरूमा थाइरोइड हर्मोनको संलग्नता रहेको हुन्छ।

**थाइरोइडको गडबडीमा देखा पर्ने असरहरू**

हाम्रो शरीरका क्रियाकलापहरू सामान्य अवस्थामा रहन थाइरोइड हर्मोनको मात्रा पनि सन्तुलित रहनुपर्ने हुन्छ। तर यदि यस्तो नभएको अवस्थामा शरीरका रासायनिक प्रक्रियाहरू पनि असन्तुलित भएर विभिन्न विकारहरू देखा पर्न सक्छन्।

**हाइपोथाइरोडिजम (Hypothyroidis)**

शरीरमा T3 र T4 को मात्रा सामान्यभन्दा घटेको र TSH को मात्रा बढेको अवस्थालाई हाइपोथाइरोडिजम भनिन्छ। यस्तो अवस्थामा शरीरको रासायनिक क्रियाकलाप घट्छ र त्यसकै असरहरू लक्षणका रूपमा देखा पर्छन्। थाइरोइड ग्रन्थीले थाइरोइड हर्मोन कम निष्कासन गर्नाले यो अवस्था देखा पर्छ, जुन थाइरोइड ग्रन्थी, पिटचुटरी ग्रन्थी वा हाइपोथेलेमसमा देखा पर्ने जटिलताको कारणले हुन सक्छ। यो अवस्थामा शरीर आलस्य हुनु, थकान हुनु, खानामा रुचि कम हुनु तर शरीर भने मोटाउनु, श्वासप्रश्वासमा कठिनाइ हुनु, स्वर बिग्रनु, स्मरण शक्ति कमजोर हुनु, एकाग्रतामा कठिनाइ हुनु, अनुहारलगायत हातखुट्टा सुन्निनु, छाला सुक्खा हुनु, रौं झर्नु, कब्जियत हुनु, कान कम सुन्नु, मुटुको चाल मन्द हुनु, बढी जाडो लाग्नु वा चीसो सहन नसक्नु, महीनावारीमा गडबडी आउनु आदि लक्षणहरू देखा पर्छन् । थाइरोइड ग्रन्थी सुन्निने स्वप्रतिरोधक अवथा (Hashioto's thyroiditis), थाइरोइड हर्मोनको निष्क्रियता वा अन्य खालको थाइरोइड सुन्निने अवस्थाहरू जतै acutethyroiditis र postpartu thyroiditis को कारणले हाइपोथाइरोडिजम हुन सक्छ।


**हाइपरथाइरोइडिजम (Hyperthyroidis)**

शरीरमा T3 र T4 को मात्रा सामान्यभन्दा बढेको र TSH को मात्रा घटेको अवस्थालाई हाइपरथाइरोडिजम भनिन्छ। यो अवस्था हाइपोथाइरोडिजम जस्तो सामान्यरूपमा देखा पर्दैन। यस्तो अवस्थामा शरीरमा रासायनिक क्रियाकलाप क्याटाबोलिजम तीव्र हुने हुनाले व्यक्तिहरूमा हाइपोथाइरोडिजमको ठीक उल्टो लक्षणहरू देखाउँछन् । चाहिनेभन्दा बढी प्रतिक्रिया देखाएर फूर्तिलोझैं देखिनु (hyperactivity), खानामा रुचि हुँदाहुँदै पनि दुब्लाउँदै जानु, हातखुट्टा काम्नु, अस्थिरता हुनु, चिडचिडाहट हुनु, पसिना आउनु, बढी दिसा लाग्नु, पिसाब बढी लाग्नु, मुटुको चाल तीव्र हुनु, गर्मी बढी लाग्नु वा तातो सहन नसक्नु, आँखा ठूला ठूला हुनु आदि। हाइपरथाइरोडिजम ग्रेभ रोग (Grave's disease), Toxic ultinodular goiter, थाइरोइड हर्मोन सामान्यभन्दा बढी निष्कासन गर्ने थाइरोइड नोडुलहरू (जसलाई hot nodules पनि भनिन्छ) वा अधिक आयोडिनको खपतले यो अवस्था सिर्जना हुन सक्छ। हाइपरथाइरोडिजम र हाइपोथाइरोडिजमबाहेक अरू पनि थुप्रै अवस्थाहरू छन्, जुन गम्भीर पनि हुन सक्छन् । जस्तै थाइरोटोक्सिकोसिस, थाइरोडाइटिस, गलगाँड, क्यान्सर आदि। गलगाँड थाइरोइड ग्रन्थीको वृद्धि मात्र हो, जुन आफैंमा रोग होइन। थाइरोइड नोडुल थाइरोइड ग्रन्थीमा देखा पर्ने असामान्य पिण्ड हो। यो नोडुल एक वा बढी सङ्ख्यामा हुन सक्छ। थाइरोइड क्यान्सर वयस्क महिलाहरूमा, अवयस्क पुरुषहरू वा अन्य युवाहरूको तुलनामा बढी देखा पर्छ। यसको २/३ अवस्था ५५ वर्षभन्दा कम उमेरमा नै देखा पर्छ। समयमा नै पत्ता लागेको खण्डमा प्राय: थाइरोइडका क्यान्सरहरू निको हुन्छन्।

**थाइरोइडको पहिचान**

उल्लिखित सबै अवस्थाहरूलाई पहिचान गर्न रक्त परीक्षण गर्नु एक उपयुक्त उपाय हो। थाइरोइड हर्मोन सन्तुलित अवस्थामा छ वा छैन भनी थाहा पाउन थाइरोइड फक्सन टेस्ट (Thyroid function test) परीक्षण गराउनुपर्ने हुन्छ। यो परीक्षणमा T3, T4 र TSH सामेल गरिएको हुन्छ। चिकित्सकले एन्टिथाइरोग्लोबुलिन, एन्टिथाइरोपेरोक्सिडेज वा TSH रिसेप्टर टिमुलेटिङ एन्टिबडिजहरूको परीक्षण पनि गर्न सल्लाह दिन सक्छ। हाल उपलब्ध उच्च प्रविधिद्वारा TFT नामक रक्त परीक्षणको विश्वसनीय नतीजा केही घण्टामैं उपलब्ध हुन सक्छ।

थाइरोइड ग्रन्थी ठूलो देखिएको अवस्थामा अल्ट्रासाउन्ड इमेजिङ गर्न सकिन्छ। थाइरोइड नोडुलको परीक्षणको निम्ति रेडियोधर्मी आयोडिन प्रयोग गरी थाइरोइड स्क्यान गरिन्छ। अधिक मात्रामा हर्मोन उत्पादन गर्ने नोडुलमा यी रेडियोधर्मी आयोडिनको खपत बढी देखिन्छ, जसलाई hot nodules भनिन्छ। यसको विपरीत आयोडिन कम खपत गर्ने नोडुललाई cold nodule भनिन्छ। यी नोडुलहरूले कम हर्मोन निकाल्छ, जसले कहिलेकाहीं क्यान्सरलाई समेत जनाउँछ। थाइरोइडको क्यान्सर पत्ता लगाउन (FNA -Fine needle aspiration) र बायोप्सी गराउन सकिन्छ। थाइरोइडसम्बन्धी जटिलताहरूको उपचार थाइरोइड रोगको उपचारको निम्ति अवस्था हेरी ओखती वा शल्यक्रियाको पनि प्रयोग गर्नुपर्ने हुन्छ। हाइपोथाइरोडिजममा हर्मोनको मात्रा पूर्ति गर्न ओखतीको प्रयोग गरिन्छ। हाइपरथाइरोडिजम भएको अवस्थामा थाइरोइडको हर्मोन कम गर्ने वा थाइरोइड ग्रन्थीको सक्रियता कम गर्ने ओखती दिइन्छ। ठूला गलगाँडलाई शल्यक्रिया गरी उपचार गर्न सकिन्छ। शल्यक्रिया गरी थाइरोइड निकालिएको व्यक्तिले जीवनभर कृत्रिम हर्मोनको प्रयोग गर्नुपर्ने हुन्छ। रक्त परीक्षणबाट थाइरोइड हर्मोनको सन्तुलन सामान्य अवस्थामा रहेको पाइएमा हाललाई थाइरोइडको समस्या नभएको जानकारी हुन्छ। त्यस्ता व्यक्तिहरूले आयोडिनयुक्त नून, दूध तथा दूधजन्य खाद्यपदार्थहरू, अन्डा र समुद्री खानेकुराहरू नियमितरूपमा खाने गरेमा शरीरमा आयोडिन र प्रोटिनको मात्रा राम्रो रहन्छ। यदि रक्त परीक्षणबाट थाइरोइड हर्मोनको मात्रा असन्तुलित अवस्थामा पाइएमा सम्बन्धित विशेषज्ञ चिकित्सकद्वारा जाँच गराइ उपचार गराउनुपर्छ। यसरी जाँच गराइ उपचार गर्ने क्रममा हर्मोनसम्बन्धी विशेषज्ञ चिकित्सक (Endocrinologist) वा सामान्य चिकित्सक (Physician) उपयुक्त हुन्छन्। लेखक जैविक प्रविधि समाज नेपालका अध्यक्ष हुन्। (स्रोत: विज्ञान लेखमाला)




सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार


# नासाको अध्ययनले पृथ्वीका नदीहरूको नयाँ विश्वव्यापी लेखाजोखा प्रदान गर्ने

लस एन्जल्स, १५ वैशाख/सिन्ह्वा

नासाका अन्वेषकहरूको नेतृत्वमा गरिएको अध्ययनले पृथ्वीका नदीहरूबाट कति पानी बग्छ भन्ने नयाँ अनुमान उपलब्ध गराएको छ । यो पृथ्वीको जलचक्र बुझ्न र यसको ताजा पानीको आपूर्ति व्यवस्थापन गर्न महत्त्वपूर्ण जानकारी हो ।

दक्षिणी क्यालिफोर्नियामा नासाको 'जेट प्रोपल्सन प्रयोगशाला'का अन्वेषकहरूले नयाँ विधि प्रयोग गरे । प्रयोगले 'स्ट्रिम–गेज' मापनलाई विश्वभरका करीब ३० लाख नदी खण्डहरूको कम्प्युटर मोडेलहरूसँग जोडेको छ। स्ट्रिम गेज स्ट्रिममा पानीको स्तरको उचाइ मापन गर्न प्रयोग गरिने उपकरण हो ।

नेचर जियोसाइन्समा हालै प्रकाशित अध्ययनले सन् १९८० देखि सन् २००९ सम्म पृथ्वीका नदीहरूमा पानीको कुल मात्रा औसतमा दुई हजार २४६ घन किलोमिटर रहेको अनुमान गरेको छ। अन्वेषकहरूले अमेजन बेसिनले विश्वको नदीको पानीको लगभग ३८ प्रतिशत समावेश भएको अनुमान गरेका छन् । यो कुनै पनि जलविज्ञान क्षेत्रको मूल्याङ्कन गरिएको सबैभन्दा धेरै हो ।




पृथ्वीको जलचक्रमा मानव प्रभावको मापनमा सुधार गर्न सकियोस् भनेर अध्ययनका अनुमानहरूको तुलना अन्तर्राष्ट्रिय सतही जल र महासागर टोपोग्राफी (एसडब्ल्युओटी) उपग्रहको डाटाबाट गर्न सकिने नासाले शुक्रवार बताएको छ ।


सतही जल र महासागर टोपोग्राफी नासा, फ्रान्सेली अन्तरिक्ष एजेन्सी, क्यानडाली स्पेस एजेन्सी र युनाइटेड किङ्डम स्पेस एजेन्सीबीचको संयुक्त सहयोग हो । यी सर्वेक्षणद्वारा सङ्कलन गरिएका तथ्याङ्कहरूले विश्वभरको ताजा पानी व्यवस्थापनमा सहयोग गर्दै समुद्री परिसंचरण मोडेलहरू र मौसम पूर्वानुमानहरू सुधार गर्न सक्छन् ।

सन् २०२२ डिसेम्बरमा शुरू गरिएको अन्तर्राष्ट्रिय सतही जल र महासागर टोपोग्राफीले विश्वभर पानीको उचाइको म्यापिङ गर्ने र नदीको उचाइमा हुने परिवर्तनले भण्डारण र डिस्चार्जको मात्रा निर्धारण गर्ने तरीकाको प्रस्ताव गर्छ । रासस

# विद्यमान चुनौतीहरू पार गर्न पाकिस्तानले आर्थिक सुधार गर्दै– प्रधानमन्त्री

इस्लामाबाद, १५ वैशाख/सिन्ह्वा

पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले शुक्रवार आफ्नो सरकारले वित्तीय क्षेत्रमा जारी चुनौतीलाई सम्बोधन गर्न लगनशील भई आर्थिक सुधारका मार्गहरू पछ्याउँदै गएको बताएका छन्।




सङ्घीय मन्त्रिपरिषद्को बैठकमा उनले सबै सरकारी विभागको सामूहिक प्रयासबाट देशको अर्थतन्त्र सुधारको बाटोमा रहेको बताए ।

आर्थिक सूचक र तथ्याङ्कमा देखिएका सुधारलाई अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि हेरेको र स्वीकार गरेको उनको भनाइ थियो ।

उनले कीर्तिमानी प्रविधि निर्यात, विदेशी विप्रेषणमा वृद्धि र मुलुकको समग्र निर्यातले सकारात्मक आर्थिक मार्ग प्रशस्त गरेको बताए ।

देशमा बिजुलीको बढ्दो मूल्यका बारेमा कुरा गर्दै शरीफले सरकारले व्यापक नीति लागू गरिरहेको र बिजुली चोरी कम गर्न तथा मूल्य घटाउन कदम चालेको बताए । रासस

# चाङ'ई–६ चन्द्रमाको अनुसन्धान प्रक्षेपण गर्ने चीनको तयारी

वेन्चाङ, १५ वैशाख/सिन्ह्वा

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासन (सिएनएसए)ले चन्द्रमाको अनुसन्धान गर्न मेको प्रारम्भमा उचित समयमा चाङ'ई–६ लाई प्रक्षेपण गर्नका लागि निर्धारण गरिएको जनाएको छ ।

चाङ'ई–६ चन्द्रमा अनुसन्धान र लङ मार्च–५ वाई ८ वाहक रकेट संयोजनलाई शनिवार दक्षिण चीनको हेनान प्रान्तमा वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट प्रक्षेपण क्षेत्रमा स्थानान्तरण गरिएको सिएनएसएले बताएको छ ।

हटाउन योग्य प्रक्षेपण प्याडमा संयोजनलाई ठाडो परीक्षण भवनबाट बाहिर लगिएको थियो र पुनः सुरक्षितरूपमा प्रक्षेपण क्षेत्रमा सारिएको थियो । प्रक्षेपणअघि कार्यात्मक जाँच, संयुक्त परीक्षण कार्य र प्रक्षेपण योग्य बनाइनेछ। चाङ'ई–६ चन्द्रमा अनुसन्धान र लङ मार्च– वाई ८ वाहक रकेट क्रमशः जनवरी र मार्चमा प्रक्षेपणस्थलमा पुगेपछि क्रमिकरूपमा एसेम्बली, परीक्षण र अन्य तयारी पूरा भएको थियो ।

चन्द्रमाको टाढाबाट नमूना सङ्कलन गर्नका लागि अनुसन्धानको तयारी गरिएको छ । यो मानव इतिहासमा आफ्नै प्रकारको पहिलो मिसन हुनेछ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – ज्ञानोदय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनक्षति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# धनुषाका एक सय ७३ साना उद्योग तथा व्यवसाय बन्द

जनकपुर, १५ वैशाख/रासस

आर्थिक मन्दीका कारण धनुषामा चालू आर्थिक वर्ष २०८०/८१ को नौ महीनामा १७३ उद्योग तथा व्यवसाय बन्द भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालयका अनुसार उक्त उद्योग तथा व्यवसाय बन्द भएका हुन् । ती उद्योगमा कार्यरत करीब दुई हजार मजदूर बेरोजगार भएका छन् । उद्योग बन्द हुँदा करोडौं लगानी डुबेको छ ।

कार्यालयबाट प्राप्त विवरण अनुसार उद्योगतर्फ ६० र वाणिज्यतर्फ ११३ उद्योग तथा व्यवसाय बन्द भएका छन् । बन्द भएका ती उद्योगहरूको बन्द हुनु अघि उत्पादित सामग्रीसमेत बिक्री भएको छैन ।

कार्यालयका सूचना अधिकारी मुकेश कर्णका अनुसार चालू आवको चैत मसान्तसम्म ६६२ वटा नयाँ उद्योग दर्ता भएका छन् । एक हजार ६०२ उद्योग नवीकरण भएका छन् ।

यसैगरी, वाणिज्यतर्फ ७३४ वटा व्यावसायिक फर्म नवीकरण तथा ८३७ नयाँ व्यावसायिक फर्म दर्ता भएका छन्।

उद्योग दर्ता तथा नवीकरणबापत कार्यालयले रु २४ लाख ११ हजार ५३० राजस्व सङ्कलन गरेको छ। वाणिज्यतर्फ दर्ता र नवीकरणबापत रु ५० लाख तीन हजार ७७० गरी कुल ७४ लाख १५ हजार तीन सय राजस्व सङ्कलन गरेको छ।

कोरोना महामारीको विश्वव्यापी असर, बैंकको ब्याजदरमा वृद्धि तथा आर्थिक तरलताका कारण उद्योगहरू बन्द भइरहेको घरेलु कार्यालयका प्रमुख किशोरीशरण यादवको भनाइ छ।

व्यवसाय बन्द भएपछि बेरोजगारी बढ्नुका साथै जनकपुरमा व्यावसायिक सटरहरू खाली गरी व्यापारी पलायन हुन थालेका छन्।

गत आव २०७९/८० मा दर्ता भएका उद्योगहरूमध्ये साना उद्योग ५३६, लघु उद्योग ५९१ तथा घरेलु उद्योग एक गरी एक हजार १२८ उद्योग दर्ता भई सञ्चालनमा थिए । उद्योगहरूको स्थिर तथा चालू पूँजी रु तीन अर्ब ५५ करोड ८२ लाख ११ हजार ९९९ रहेको जनाइएको छ।

बजेट अभावका कारण घरेलु कार्यालयले समेत सीपमूलक तालीमहरू सञ्चालन गर्न सकेको छैन।

# इलाम–२ मा ५९ दशमलव ७९ प्रतिशत मतदान

फिक्कल (इलाम), १५ वैशाख/रासस

इलाम क्षेत्र नं २ मा शनिवार भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा ५९ दशमलव ७९ प्रतिशत मत खसेको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले सबै मतदान केन्द्रको विवरण आइसकेको र कुल ६९ हजार २८७ अर्थात् ५९ दशमलव ७९ प्रतिशत मतदान भएको जानकारी दिएको छ।

कार्यालयका अनुसार ३५ हजार १३५ पुरुष, ३४ हजार १५० महिला र अन्य दुईले मतदान गरेका छन् । सो क्षेत्रमा ५९ हजार १८ पुरुष, ५६ हजार ८६९ महिला र दुई अन्यसहित एक लाख १५ हजार ८८९ मतदाता थिए। विसं २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा इलाममा ५७ दशमलव ४४ प्रतिशत मत खसेको थियो।

इलाम–२ मा ७९ मतदानस्थलमा १४९ मतदान केन्द्रमा बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान भएको थियो। उपनिर्वाचन शान्तिपूर्ण, उत्साहजनक र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए।

उनका अनुसार मतगणना आज रातिबाट शुरू गर्ने तयारी छ। आज राति १०–११ बजेसम्ममा सबैतिरबाट मतपेटिका ल्याइसक्ने अपेक्षा मुख्य निर्वाचन अधिकृतको कार्यालयको छ।

चाँडो मतपेटिका आए सर्वदलीय बैठक बसेर आजै रातिबाट मतगणना गरिने प्रजिअ यादवले बताए। सदरमुकामबाट टाढाका पालिका चुलाचुली, माङसेबुङ, फाकफोकथुम गाउँपालिकाबाट मतपेटिका ल्याउन समय लाग्नेछ।

मतगणनाका लागि इलाम नगरपालिका–७ स्थित गौतमबुद्ध सभागृह (सिटी हल) तयार गरिएको छ। सिटी हलको एक कोठामा तार जाली लगाएर गणक मात्र भित्र बस्न मिल्ने बनाइएको छ।

मतपेटिका भण्डारणका लागि सभाहलको भित्री भाग तयार गरिएको छ। यस्तै, प्रतिनिधिलाई बाहिर बस्ने ठाउँ मिलाइएको छ। मतगणनास्थलमा ११ वटा सिसी क्यामेरा जडान गरिएको छ।

मतगणनास्थलमा भीडभाड हुन नदिन चोक बजारमा रहेको डिस्प्लेमा मतगणनाको परिणाम देखाइने भएको छ। यसका लागि प्राविधिक तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय इलामले जनाएको छ। मतपरिणाम एक घण्टाको फरकमा सार्वजनिक गर्ने तयारी छ।

विसं २०७९ मङ्सिर ४ को प्रतिनिधिसभा निर्वाचनमा इलाम–२ बाट निर्वाचित नेपाल कम्युनिस्ट पार्टी (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधन भएपछि रिक्त रहेको सो निर्वाचन क्षेत्रमा उपनिर्वाचन भएको हो। उपनिर्वाचनमा १२ राजनीतिक दलका र सात स्वतन्त्रसहित १९ जना चुनावी प्रतिस्पर्धामा छन्।

**ब्रह्माकुमारी ...**

आध्यात्मिक विद्याद्वारा शान्ति प्राप्ति गर्न सकिन्छ भन्ने सन्देश प्रवाहमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले राम्रो काम गरिरहेकोले विश्वभर यसका शाखाहरू विस्तार भएको बताए । ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रीय कार्यालय वीरगंजकी क्षेत्रीय सञ्चालिका राजयोगिनी ब्रह्माकुमारी रविना दिदीले सन् २०२४/२५ लाई लक्षित गरेर स्वच्छ एवं स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तीकरण कार्यक्रम विश्वव्यापीरूपमा घोषित कार्यक्रम भएको र वीरगंजमा यसको क्षेत्रीय सभा शुभारम्भ गरिएको बताइन्।

# छुट्टाछुट्टै घटनामा सर्लाहीमा दुईजनाको मृत्यु

बरहथवा (सर्लाही), १५ वैशाख/रासस

सर्लाहीको ब्रह्मपुरी गाउँपालिकास्थित मकैबारीमा एकजना युवक मृत फेला परेका छन्। शनिवार बिहान ब्रह्मपुरी गाउँपालिका–२ निवासी अन्दाजी १८ वर्षीय अरविन यादव मृत फेला परेका हुन्।

बिहान स्थानीयले मकैबारीमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। शवको अवस्था हेर्दा घटना गएरातिको जस्तो देखिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए। प्रनाउ श्रेष्ठको टोली घटनास्थल पुगी अनुसन्धान शुरू गरेको छ। युवकको हत्या भएको वा आत्महत्या के हो भन्ने कुरा खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ।

त्यसैगरी, सर्लाहीको सदरमुकाम मलङ्वामा घरको छतबाट खसेर एकजना पुरुषको ज्यान गएको छ। आज बिहानीपख घरको छतबाट खसेर गम्भीर घाइते भएका अन्दाजी ४५ वर्षीय सन्तोष राउतको उपचारका क्रममा प्रादेशिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

मलङ्वा नगरपालिका–१० का राउत मलङ्वा नगरपालिका–९ स्थित दिनेश राउतको घरमा भाडामा बस्दै आएका थिए। अत्यधिक गर्मीका कारण शीतल खोज्दै छतमा सुतेका कारण लडेको हुन सक्ने प्रहरीको अनुमान छ।

उनको शव शवपरीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्वामा राखिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रनाउ दीपक श्रेष्ठले जानकारी दिए। घटनाको विषयमा थप अनुसन्धान भइरहेको श्रेष्ठले बताए।



**कुम्भ मेलामा दर्शनार्थीको भीडः** सुनसरीको बराहक्षेत्रस्थित चतराधाममा गत चैत २७ देखि शुरू भएको पूर्ण महाकुम्भ मेलाको शनिवार १८औं दिन दर्शन गर्न आएका भक्तजनको भीड। तस्बिरः सङ्गीता राई/रासस

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१



वीरगंज महानगरपालिकामा हनुमान जयन्तीको अवसरमा भव्यरूपमा झाँकीसहितको झन्डायात्रा निकालिएको छ । गत मङ्गलवार हनुमान जयन्ती परेको थियो र त्यसको चौथो दिन आज घण्टाघरबाट झन्डायात्रा निकालिएको हो । झन्डायात्रामा जयश्रीराम, जयहनुमानको नारा लगाएर भक्तजनहरूले नगरपरिक्रमा गरेका थिए। झन्डायात्रामा सहभागिताको लागि शनिवार बिहानदेखि विभिन्न टोलमा प्रचारप्रसार गरिएको थियो । शब्द/तस्वीरः नितेश कर्ण

# विन्ध्यवासिनी गापामा स्वास्थ्य शिविर

प्रस, वीरगंज, १५ वैशाख/

विन्ध्यवासिनी गाउँपालिका-५ स्थित मसरुर पब्लिक आधारभूत विद्यालय प्रसौनीमा 'सबैलाई प्रेम गर, कसैलाई घृणा नगर' नाराका साथ अहमदिया सङ्घ नेपालले शनिवार निश्शुल्क आँखा तथा स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

लायन्स क्लब अफ वीरगंज एन्ड क्युरिटी र माट्रिका आई केयर फाउन्डेशन वीरगंजको सहयोगमा सम्पन्न शिविरमा ६५५ जनाको स्वास्थ्य परीक्षण गरिएको संस्थाले जनाएको छ । आँखा परीक्षणमा १४५ जनामा मोतीबिन्दु फेला परेको थियो ।

शिविरमा डा आरपी खेतान, डा मनोरञ्जन यादव, डा नीरज सिंह, डा राधा भट्टराई, डा मनीषा पटेल, डा प्रगति कर्णलगायतले परीक्षण गरेका थिए ।

अहमदिया सङ्घ नेपालका कोषाध्यक्ष इसरायल अहमदको अध्यक्षता र गापाध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्यमा भएको शिविरमा लायन्स क्लबका बलिराम श्रेष्ठ, पवन मित्तललगायतको सहभागिता थियो ।

# "लामखुट्टेबाट सर्ने रोगबाट बचौं"

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस् भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## ७८ लाखको सामान राजस्व चलान

प्रस, वीरगंज, १५ वैशाख/

जिल्ला प्रहरी कार्यालय बाराले शनिवार बिहान दुईवटा ट्रकलाई बिलबीजकभन्दा बढी सामानसहित नियन्त्रणमा लिएको छ ।

सूचनाका आधारमा इलाका प्रहरी कार्यालय अमलेखगंजले शनिवार बिहान वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना.५ख ७९२७ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा सो ट्रकमा लोड ग्लास दाना, पेपर बोक्स, रिसाइन गम, मोटर पार्ट्स, लेडिज सुट र अन्य सामानहरू बिलबीजकभन्दा बढीको रहेको आशङ्कामा नियन्त्रणमा लिएको बारा प्रहरीका प्रवक्ता दधिराम न्यौपानेले बताए । यसैगरी, सोही समयमा ना.५ख ८२३७ नम्बरको ट्रक चेकजाँच गर्दा सोमा लोड सुकमेल, वाटर फिल्टर, डिफ्रिज र अन्य सामानहरू पनि बिलबीजकभन्दा बढी रहेको आशङ्कामा नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया चलान गरिएको बताए। दुवै ट्रकबाट करीब ७८ लाख बराबरका सामान बरामद भएको प्रवक्ता न्यौपानेले जानकारी गराए।

## विजामको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १५/

विद्यार्थी जागरण मञ्च (विजाम) वीरगंजको २९औं साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको विजामका अध्यक्ष महेश अर्यालले बताए । नयाँ कार्यसमिति चयन



गर्ने क्रममा केही पदमा निर्वाचन भएको निर्वाचन अधिकृत अनोज खड्काले बताए। वर्तमान अध्यक्ष अर्यालको नेतृत्वमा नौ सदस्यीय कार्यसमितिमा उपाध्यक्ष विनय सत्याल, सचिव अमर गौतम, सहसचिव राजु सुवेदी, कोषाध्यक्ष राजेश डङ्गोल र सदस्यहरूमा सविताकुमारी शर्मा, यादव अधिकारी, जगत श्रेष्ठ, प्रदीपकुमार उपाध्यय चयन भएका छन् ।

आजको साधारणसभामा उपाध्यक्ष र सचिव पदमा निर्वाचन भएको थियो। उपाध्यक्षमा विनय सत्यालले प्रेम राईलाई पराजित गरेका थिए भने सचिवमा अमर गौतमले दिलीप खड्कालाई पराजित गरेका थिए ।




# खेलकूदको संसार

## नेपालद्वारा वेस्ट इन्डिज'ए' पराजित

काठमाडौं, १५ वैशाख/रासस

कप्तान रोहितकुमार पौडेलको शतकीय पारीको मदतमा नेपालले वेस्ट इन्डिज 'ए'लाई पराजित गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिवार भएको पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए'लाई चार विकेटले पराजित गरेको हो ।



तस्वीरः सौजन्य

जीतका लागि २०५ रनको लक्ष्य पछ्याएको नेपाल दुई बल बाँकी छँदै छ विकेट गुमाएर विजयी भएको हो । नेपालका लागि कप्तान पौडेलले सर्वाधिक ११२ रनको योगदान दिए । उनले ५४ बलमा १० चौका र ६ छक्का प्रहार गरे । यसैगरी, दीपेन्द्रसिंह ऐरीले २४, कुशल भुर्तेलले १६, कुशल मल्लले १६, गुलशनकुमार झाले अविजित नौ तथा विवेक यादवले सात रन जोडेका थिए । बलिङतर्फ वेस्ट इन्डिजका ओबेद म्याककोय र म्याथ्यु फर्डले दुई/दुई तथा किमो पलले एक विकेट लिए ।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभर पाँच विकेट गुमाउँदै २०४ रन बनाएको थियो । वेस्ट इन्डिज 'ए'का लागि कप्तान रोसटन चेशले सर्वाधिक ७४ रनको योगदान दिए । उनले ४६ बलमा नौ चौका र दुई छक्का प्रहार गरे । यसैगरी, एलिक एथानाजेले २५ बल खेल्दै ४७ रन जोडे । उनले यस क्रममा पाँच चौका र तीन छक्का हाने । यस्तै, केसी कार्टीले ३८ तथा कदीम एलियनले १५ रन बनाए ।

बलिङतर्फ नेपालका अविनाश बोहोरा, कमलसिंह ऐरी, दीपेन्द्रसिह ऐरी र कप्तान रोहितकुमार पौडेलले एक/एक विकेट लिए । नेपालले वेस्ट इन्डिज 'ए'विरुद्ध आइतवार दोस्रो खेल खेल्नेछ ।

## हेटौंडामा भेट्रान्स फूटबल प्रतियोगिता शुरू

मनहरी (मकवानपुर), १५ वैशाख/रासस

लामसुरे खेलकूद विकास समिति हेटौंडा-९ को आयोजनामा शनिवारदेखि दोस्रो मोहन श्रेष्ठ स्मृति ९ नं वडा रनिङ शिल्ड भेट्रान्स फूटबल प्रतियोगिता शुरू भएको छ ।

४० वर्षमाथि उमेर समूहका खेलाडीबीच खेलाइने एट ए साइड फूटबल प्रतियोगिताको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना लामाले स्वास्थ्यका लागि खेलकूद महत्त्वपूर्ण रहेको बताइन् ।

भेट्रान्स उमेरमा पनि सक्रिय भएर खेल क्षेत्रको विकासका लागि महत्त्वपूर्ण योगदान दिँदै आएका पूर्वखेलाडीलाई लक्षित गर्दै प्रतियोगिता आयोजना गरेकामा आयोजकलाई धन्यवाद दिइन् । पछिल्लो समय देशभर भेट्रान्स प्रतियोगिताले चर्चा पाइरहेको अवस्थामा यस्ता प्रतियोगिताले हेटौंडालाई चिनाउन र युवा पुस्ताका खेलाडीमा थप ऊर्जा दिलाउन सहयोग पुग्ने बताइन् ।

वैशाख २२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका १९ वटा वडाका ४० वर्षमाथिका खेलाडीको सहभागिता छ । प्रतियोगितामा पहिलो हुने समूहले एक लाख ११ हजार १११, दोस्रो हुने समूहले रु ६५ हजार ५५५ र तेस्रो र चौथो हुने समूहले रु १५/१५ हजार प्राप्त गर्नेछन् ।

लामसुरे खेलकूद विकास समितिका अध्यक्ष विष्णु रानामगरको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला फूटबल सङ्घका अध्यक्ष टीका लामा, १९ वडाका अध्यक्षलगायत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

आज भएको उद्घाटन खेलमा हेटौंडा-५ ले हेटौंडा-७ लाई शून्यका विरुद्ध एक गोल गर्दै विजयी भएको छ । खेलको दोस्रो हाफको अन्तिम समयमा हेटौंडा-५ का तर्फबाट सन्तोष श्रेष्ठले गरेको गोल नै निर्णायक बनेको थियो ।

# बेल्वा सामुदायिक संस्थाको साधारणसभा सम्पन्न

प्रस, परवानीपुर, १५ वैशाख/

वीरगंज महानगरपालिका-३१ बेल्वामा सञ्चालित बेल्वा मेलमिलाप सामुदायिक संस्थाको १३औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ।



वीरगंज-२१ लिपनीबिर्तास्थित पिकनिक पार्कमा सम्पन्न साधारणसभाले गत आव २०७९/८० को आय-व्ययको प्रतिवेदन पारित गरेको थियो भने चालू आव २०८०/८१ को चैत मसान्तसम्मको आर्थिक प्रतिवेदनको समीक्षा गरेको छ।

संस्थाका अध्यक्ष विष्णुप्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका सचिव रेयाज अन्सारी, सहसचिव भैयाराम साह, कोषाध्यक्ष सोनी देवीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

२०६७ सालदेखि सञ्चालनमा आएको संस्थामा शुरूमा १० जना सञ्चालक थिए भने हाल ६० जना शेयर सदस्य छन् । हाल संस्थाको कुल पूँजी रु २२ लाख पुगेको छ । संस्थाले मासिक बचत गर्ने बानी विकास गर्दै टोलमा आर्थिक गतिविधि एवं सेवा स्थानीयस्तरमा उपलब्ध गराउन सङ्गठित भएर संस्था सञ्चालनमा आएको बताएको छ ।

संस्थाले ६० जनाभित्र ऋण प्रवाह गरी लगानी गर्ने गरेको छ । संस्थाले सदस्य रहेका व्यक्तिका छोरीको विवाहको लागि छ महीनासम्म शून्य प्रतिशत र छ महीनापछि एक प्रतिशत मासिक ब्याजदरमा कर्जा उपलब्ध गराउने गरेको छ । ग्रामीण भेगमा बैंक र सहकारीको अभावलाई पूरा गर्न बेल्वाका युवाहरूको प्रयासमा संस्था सञ्चालनमा ल्याइएको हो । कार्यक्रमको सहजीकरण संस्थाका सञ्चालक हरेराम साहले गरेका थिए ।

# ब्रह्माकुमारीको आयोजनामा आध्यात्मिक सशक्तीकरण कार्यक्रम

प्रस, वीरगंज, १५ वैशाख/




ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजमा आयोजित स्वच्छ एवं स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तीकरण कार्यक्रमको मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री युवराज भट्टराईले उद्घाटन गरेका छन् ।

कार्यक्रममा मन्त्री भट्टराईले आध्यात्मिक कुराबारे जानकार र यसबारेमा ज्ञान लिएको व्यक्तिले समाजलाई नकारात्मक दिशातर्फ नदोहोऱ्याउने जिकिर गरे । आध्यात्मज्ञाताले साथी सर्कल, आफन्त, समाज कसैलाई पनि घात नगर्ने बताए।

उनले ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको माध्यमबाट शान्ति व्यवस्थापनमा गहकिलो काम भएको बताए ।

(बाँकी तेस्रो पातामा)